# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
# Rasuwagadhi Hydropower Company Limited

धुम्बाराही, काठमाण्डौ, नेपाल, फोन न. ०१-४३७१७४४, ४३७१७९४
इमेलः info@rghpcl.com.np, वेभसाइटः www.rghpcl.com.np


## Statement of Financial Position (Unaudited)
### As at 30th Chaitra 2082 (13th April 2026)

(NRs. "000")

| Particulars | This Quarter Ending Chaitra 2082 | Previous Quarter Ending Poush 2082 | Corresponding Previous Year Quarter Ending Chaitra 2081 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant & Equipment | 22,137,314 | 2,382,769 | 23,150,599 |
| Intangible Assets | 156 | 169 | 197 |
| Capital Work in Progress | 19,840 | 14,306 | 11,745 |
| **Total Non - Current Assets** | **22,157,310** | **22,397,243** | **23,162,541** |
| **Current Assets** | | | |
| Inventory | 68,262 | 60,213 | 2,872 |
| Prepayments | 31,129 | 45,657 | 12,216 |
| Advances & Deposits | 331,576 | 329,067 | 366,278 |
| Trade Receivables | 383,228 | 245,245 | 334,399 |
| Cash & Cash Equivalents | 520,936 | 372,768 | 110,048 |
| **Total - Current Assets** | **1,335,131** | **1,052,949** | **825,814** |
| **TOTAL ASSETS** | **23,492,441** | **23,450,192** | **23,988,355** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity** | | | |
| Share Capital | 6,842,100 | 6,842,100 | 6,842,100 |
| Retained Earnings | (2,050,234) | (1,892,642) | (527,659) |
| **Total Equity** | **4,791,866** | **4,949,458** | **6,314,441** |
| **Non - Current Liabilities** | | | |
| Long Term Loans | 14,463,661 | 15,045,686 | 16,127,116 |
| Other Non - Current Liabilities | - | - | - |
| **Total Non - Current Liabilities** | **14,463,661** | **15,045,686** | **16,127,116** |
| **Current Liabilities** | | | |
| Provisions | 17,351 | 17,420 | 17,044 |
| Loan and Borrowings | 3,225,660 | 2,216,719 | 750,373 |
| Trade and Other Payables | 993,903 | 1,220,909 | 779,381 |
| **Total Current Liabilities** | **4,236,914** | **3,455,048** | **1,546,798** |
| **TOTAL EQUITY AND LIABILITIES** | **23,492,441** | **23,450,192** | **23,988,355** |

### Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
### For the period ended 30th Chaitra 2082 (13th April 2026)

| Particulars | This Quarter Ending Chaitra 2082 | Previous Quarter Ending Poush 2082 | Previous Year Corresponding Quarter Ending Chaitra 2081 |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from Sale of Electricity | 777,725 | 254,245 | 611,075 |
| **Total Direct Income** | **777,725** | **254,245** | **611,075** |
| Cost of Sales | | | |
| Plant Operation Cost | (175,687) | (121,580) | (27,426) |
| Royalty | (23,486) | (10,622) | (12,222) |
| **Gross Profit/ (Loss)** | **578,552** | **122,044** | **571,428** |
| Employee Benefits | (12,229) | (6,628) | (12,409) |
| Administrative Expenses | (13,654) | (9,908) | (13,170) |
| Depreciation & Amotrisation | (736,605) | (491,063) | (287,524) |
| **Profit from Operation** | **(183,937)** | **(385,555)** | **258,325** |
| Finance Income | 1,199 | 907 | 471 |
| Finance Cost | (1,029,510) | (679,250) | (405,897) |
| Other Income/Expenses | (27,406) | (17,576) | 1,069 |
| **Profit/ (Loss) before Tax** | **(1,239,653)** | **(1,081,474)** | **(146,032)** |
| **Less: Tax** | | | |
| Current Tax | - | - | - |
| Deferred Tax Income (Expense) | - | - | - |
| **Net Profit/ (Loss) For the Period** | **(1,239,653)** | **(1,081,474)** | **(146,032)** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६, उपनियम (१) को अनुसूची-१४ अनुसार कम्पनीको आ. व. २०८२/०८३ को तेश्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

(क) यस त्रैमासिक अवधिको अपरिष्कृत वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरणहरु माथि उल्लेख गरिए बमोजिम रहेको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरुः

| क्र. सं. | विवरण | आ. व. २०८२/०८३ को तेश्रो त्रैमासिक अवधि | आ. व. २०८२/०८३ को दोश्रो त्रैमासिक अवधि | आ. व. २०८१/०८२ को तेश्रो त्रैमासिक अवधि |
|---|---|---|---|---|
| १ | प्रति शेयर आम्दानी | (१८.१२) | (१५.८१) | (२.८५) |
| २ | मूल्य आम्दानी अनुपात | (१६.२८) | (१७.०८) | (१३३.४२) |
| ३ | प्रति शेयर नेटवर्थ | ७०.०४ | ७२.३४ | ९२.२९ |
| ४ | प्रति शेयर कूल सम्पति | ३४३.३५ | ३४२.७३ | ३५०.६० |
| ५ | तरलता अनुपात | ०.३२ | ०.३० | ०.५३ |

**२. व्यवस्थापकीय विश्लेषण**

क) यस कम्पनीद्वारा रसुवा जिल्लाको गोसाईंकुण्ड गाउँपालिका वडा नं. १ थुमन र वडा नं. २ टिमुरेको सिमाना हुँदै बहने भोटेकोशी नदिको पानी उपयोग गरी १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी २०८१ पौष १६ देखि व्यापारीक विद्युत उत्पादन (Commercial Operation) शुरु भएकोमा मिति २०८२ साल असार २४ (सन् २०२५ जुलाइ ८) मा तिब्बत क्षेत्रको हिमताल फुट्नाले ल्हेन्दे नदीमा अचानक लेदो, गेग्रान तथा ठूलाठूला ढुङ्गा सहित आएको बाढी नेपाल-चीन सीमाना स्थित रसुवागढी हुँदै आयोजनाको श्रोत नदी भोटेकोशी आइपुग्दा नेपाल-चीन सीमा नजिकै अवस्थित रसुवागढी जलविद्युत आयोजना/केन्द्रको बाँधस्थल र जलविद्युत केन्द्र क्षेत्रमा रहेका अधिकांश सिभिल संरचनाहरूमा व्यापक क्षति पुर्‍याउनुका साथै हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल उपकरणहरूमा समेत ठूलो क्षति भएको र कर्मचारी आवास भवनहरू पूर्ण रुपमा क्षति भई जलविद्युत केन्द्रबाट विद्युत उत्पादन समेत बन्दभएको थियो।

उक्त विपत्तीको सामना गर्दै छिटो भन्दा छिटो क्षतिग्रस्त जलविद्युत केन्द्रको पुर्नस्थापना गर्ने क्रममा मिति २०८२ मंसिर २० बाट ३ वटा मध्ये एउटा यूनिटबाट विद्युत उत्पादन शुरु गर्न सफल भएको र क्षति भएका सिभिल संरचना र हाइड्रोमेकानिकल उपकरणहरुको मर्मत संभार तथा पुर्नस्थापनाका कार्यहरु समेत संगसंगै अघि बढाइएकाले नदीको बहावमा हुने परिवर्तनका आधारमा क्रमशः अन्य युनिटहरुबाट पनि विद्युत उत्पादन गर्दै जाने कम्पनीको योजना मुताविक मिति २०८२ पुष १० बाट दोस्रो यूनिटबाट पनि विद्युत उत्पादन शुरु गरिएको छ।

क्षति भएका संरचना तथा मेसिन उपकरणहरुको प्रारम्भिक मूल्यांकन गरी बीमक कम्पनी श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनीमा प्रारम्भिक चरणमा रु. १ अर्ब ७३ करोड ८४ लाख बराबरको बीमा दावी गरिएकोमा पुर्नस्थापना/पुर्ननिर्माणको कार्य गर्दै जाँदा केहि संरचनाहरुमा अनुमानको तुलनामा कम क्षति पुगेको पाईएकोले संशोधित बीमा दावी रु. १ अर्ब ५२ करोड ७६ लाख पेश गरिएकोमा हालका मिति सम्ममा रु.२० करोड रुपैयाँ मात्र पेश्की स्वरुप प्राप्त भई सो दावी फर्छ्यौटको चरणमा रहेको छ।

यस कम्पनीको अधिकृत पूँजी रु. ७ अर्व, जारी पूँजी रु. ६ अर्व ८४ करोड २१ लाख र चुक्ता पूँजी जारी पूँजीको शतप्रतिशत अर्थात रु.६ अर्व ८४ करोड २१ लाख कायम रहेको छ । स्वपूँजी अन्तर्गत ५१% शेयर संस्थापक शेयरधनी समूहको र ४९% शेयर सर्वसाधारण शेयरधनी समूहको रहेको छ। कम्पनीको आधारभुत शेयरधनीको रुपमा चुक्ता पूँजीको ३२.७९% शेयर धारण गर्ने श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेड र १८% शेयर धारण गर्ने श्री नेपाल विद्युत प्राधिकरण रहेका छन।

आयोजना निर्माणको लागि आवश्यक पर्ने सम्पूर्ण दिर्घकालिन ऋण श्री कर्मचारी संचयकोषबाट प्राप्त हुने गरी ऋण सम्झौता भई सोको परिचालन भएको छ। त्यसैगरी कम्पनीको अल्पकालिन नगद व्यवस्थापन (बाढीका कारण क्षतिग्रस्त जलविद्युत केन्द्रको पुर्नस्थापना/पुर्ननिर्माण समेत) का लागि संस्थापक संस्था चिलिमे जलविद्युत कम्पनी लिमिटेड, श्री नविल बैंक लिमिटेड र श्री कुमारी बैंक लिमिटेडसंग अल्पकालिन ऋण लिइएको छ। उक्त ऋणहरुको २०८२ सालको चैत्र मसान्त सम्मको अवस्थिति निम्नानुसार रहेको छ :

(१) आयोजनाको निर्माण सम्पन्न गरी २०८१ पौष १६ देखि व्यापारीक विद्युत उत्पादन (Commercial Operation) शुरु भएका मिति सम्ममा श्री कर्मचारी संचयकोषबाट साँवा रु.१० अर्व १६ करोड २१ लाख प्राप्त गरी उक्त अवधि सम्ममा उक्त ऋण रकममा पूँजीकृत भएको व्याज रकम रु.६ अर्व २७ करोड ५२ लाख ७९ हजार ७ सय ३५ गरी जम्मा ऋण रकम रु.१६ अर्व ४३ करोड ७३ लाख ७९ हजार ७ सय ३५ कायम भएको थियो। आयोजनाबाट व्यापारिक विद्युत उत्पादन शुरु भइसकेकाले कम्पनीले उक्त ऋण तिर्न शुरु गरी पहिलो किस्ता स्वरुप २०८१ को चैत्र मसान्तमा कोषलाई रु.६५ करोड १४ लाख ६० हजार भुक्तानी गरिएको भएता पनि मिति २०८२/०३/२४ को बाढीका कारण विद्युत उत्पादन बन्द हुँदा विद्युत बिक्री वापतको आम्दानी गुमेकाले निर्धारित किस्ता भुक्तानी नियमित गर्न नसकिएको भएता पनि हाल आंशिक रुपमा विद्युत उत्पादन सुचारु भइसकेकाले विद्युत बिक्री वापतको रकम र अन्य श्रोत वापतको रकमबाट २०८२ चैत्र सम्मको किस्ता भुक्तानीलाई नियमित गरिएको छ। २०८२ चैत्र मसान्तमा कोषलाई तिर्न बाँकी रकम रु.१४ अर्व ८० करोड ९६ लाख २८ हजार ६ सय ७० रहेको छ। कोषलाई तिर्नुपर्ने ऋणको बार्षिक व्याजदर २०८२ चैत्र मसान्तमा ८% कायम रहेको थियो भने २०८३ बैशाख बाट लागु हुने गरी बार्षिक व्याजदर ६.७५% कायम भएको पत्र कोषबाट प्राप्त भएको छ।

(२) बाढीका कारण क्षतिग्रस्त जलविद्युत केन्द्रको पुर्नस्थापना/पुर्ननिर्माण लगायत कम्पनीको अल्पकालिन वित्तीय व्यवस्थापनका लागि लिइएको ऋण मध्ये २०८२ चैत्र मसान्त सम्ममा संस्थापक संस्था श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडको रु.३८ करोड १६ लाख ९२ हजार २ सय ४०, श्री नबिल बैंक लिमिटेडको रु. ४९ करोड ८० लाख र श्री कुमारी बैंक लिमिटेडको रु. २ अर्व भुक्तान गर्न बाँकी रहेको छ। उक्त ऋणमा कायम वार्षिक ब्याजदरका सम्बन्धमा श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडको ऋणमा ७%, श्री नबिल बैंक लिमिटेडको ऋणमा ५.४७% र श्री कुमारी बैंक लिमिटेडको ऋणमा ५.९९% रहेको छ।

आयोजना निर्माणका बखत पनि विविध काबु बाहिरको परिस्थिति श्रृजना भई तोकिएको समयमा निर्माण सम्पन्न हुन नसक्दा शुरु अनुमानको तुलनामा निर्माण लागत बृद्धि भएको थियो। जलविद्युत केन्द्रबाट व्यापारिक रुपमा विद्युत उत्पादन हुनु अघि (२०८१ पौष १५) सम्मको लागतका आधारमा आयोजनाको कूल निर्माण लागत निर्माण अवधीको व्याज समेत गरी करिव रु.२४ अर्व ९९ करोड हुन पुगेको थियो। यसबाट आयोजना निर्माण लागतको कर्जा स्वःपूँजी अनुपात शुरुको ५०:५० प्रतिशतबाट परिवर्तन भई करिव ७१:२९ प्रतिशत कायम भएको छ। यद्यपि, आयोजना/जलविद्युत केन्द्रमा हालको बाढीबाट भएको क्षतिको पुर्नस्थापना/पुर्ननिर्माणका कार्यहरु भइरहेको साथै थप सुरक्षण (Protection) का कार्यहरु समेत गर्नुपर्ने अवस्था रहेकाले क्षतिको बीमा दावी फर्छ्यौट पश्चात पनि कम्पनीले थप वित्तीय श्रोतको व्यवस्था गर्दा उल्लेखित ऋण रकम बृद्धि हुन गई कर्जाःस्वपूँजी अनुपात पुनः परिवर्तन हुन जाने देखिएको छ।

ख) **आगामी अवधिको व्यवसायिक योजनाका सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः**

पूर्व निर्धारित कार्यतालिका अनुरुप आयोजनाको निर्माण कार्य सम्पन्न हुन नसकेको भएता पनि मिति २०८१ साल पौष १६ गतेबाट व्यापारिक रुपमा विद्युत उत्पादन शुरु भएकाले कुनै बाधा व्यवधान नभएको अवस्थामा आयोजनाबाट बार्षिक ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत शक्ति उत्पादन भई यस कम्पनीलाई बार्षिक रुपमा रु.३ अर्व २५ करोड आम्दानी प्राप्त हुने अनुमान रहेको छ। यद्यपि, बाढीका कारण लामो समयसम्म जलविद्युत केन्द्र बन्द रहेकाले आ.व. २०८२/०८३ को कम्पनीको नगद प्रवाहमा भने उल्लेख्य असर पर्ने देखिएको छ। जलविद्युत केन्द्रको पुनस्थापना पश्चात् विद्युत बिक्रीबाट हुने आम्दानीबाट सर्वप्रथम ऋणका किस्ता भुक्तानीलाई निरन्तरता दिई कम्पनीलाई वित्तीय रुपमा सबल बनाई शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गर्ने कम्पनीको मुख्य लक्ष्यहुनेछ। साथै विद्युत उत्पादनमा आत्मनिर्भर हुँदै विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने राष्ट्रको उद्देश्यलाई सहयोग पुर्‍याउन अन्य आयोजनाहरुको पहिचान, अध्ययन तथा निर्माण गर्ने कम्पनीको भावि योजना रहेको छ।

**३. कानूनी कारबाही सम्बन्धी विवरणः**

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन। तथापि, आयोजनाको प्रशारण लाइन निर्माण अन्तर्गतको पहिलो ठेकेदार श्री मुडभरी एण्ड जोशी प्रा.लि. ले ठेक्का सम्झौता बमोजिम कार्यहरु नगर्दा यस कम्पनीले निजसंगको ठेक्का अन्त्य गरेको विषयमा सम्मानित अदालतमा निजद्वारा दायर रिट निवेदनका सम्बन्धमा मध्यस्थकर्ता (Arbitrator) नियुक्त गरिएको व्यहोराको जानकारी अदालतबाट प्राप्त भएको छ।

(ख) संगठित संस्थाको संस्थापकवा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको/भएको व्यहोरा जानकारीमा आएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको व्यहोरा जानकारीमा आएको छैन।

**४. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषणः**

| शेयरको अधिकतम मूल्य (रु.) | शेयरको न्यूनतम मूल्य (रु.) | शेयरको अन्तिम मूल्य (रु.) | शेयर कारोबार रकम (रु.) | कारोबार शेयर संख्या | कारोबार भएको कूल दिन |
|---|---|---|---|---|---|
| ३२५/०० | २७०/३० | २९५/०० | १,४८१,६५४,७३१ | ४९४९३०५ | ५३ |

**५. समस्या र चुनौतीः**

रसुवागढी जलविद्युत आयोजना निर्माणको चरणमा पटक-पटक विविध काबु बाहिरको परिस्थिति उत्पन्न भएको हुँदा विभिन्न समस्या र चुनौतिहरुको सामना गर्दै आयोजना सम्पन्न गरी व्यापारिक विद्युत उत्पादन शुरु भइसके पश्चात् पहिलेको भन्दा फरक प्रकारका समस्या तथा चुनौतिहरुको सामना गर्नुपर्ने परिस्थितिको आँकलन गरिएको भएता पनि आयोजना/जलविद्युत केन्द्रमा मिति २०८२/०३/२४ मा आएको ठूलो बाढीका कारण सिभिल तथा हाइड्रोमेकानिकल संरचना, मेसिन उपकरण तथा कम्पनीका सवारी साधन लगायत अन्य सम्पत्तीहरुमा क्षति पुगेको र पहुँच मार्गहरु पूर्ण रुपमा अवरुद्ध हुँदा समयमा क्षतिको विवरण यकिन गर्न समेत कठिनाई हुनुका साथै कर्मचारी आवास पूर्ण रुपमा क्षति भएका कारण आयोजना/जलविद्युत केन्द्रको संरक्षण तथा पुनः स्थापनामा खटिने कर्मचारीहरुको बसोबास लगायतको आधारभुत व्यवस्था मिलाउन र आवश्यक मेसीन उपकरण तथा थप जनशक्ति आयोजना स्थल पुर्‍याउन निकै कठिनाई भोग्नु परेको परिस्थितिमा वर्षातको अवधि लम्बिन जाँदा क्षतिग्रस्त संरचनाहरुको पुर्नस्थापनाका कार्यहरु योजना अनुरुप गर्न नसकिएकाले जलविद्युत केन्द्रबाट पूर्ण क्षमतामा विद्युत उत्पादन सूचारु गर्न केहि ढिलाई हुन पुगेको छ।

हाल पुर्नस्थापना/पुर्ननिर्माण अन्तर्गतका कार्यहरु द्रुत गतिमा भइरहेको अवस्थामा आयोजना/जलविद्युत केन्द्रको पहुँच मार्ग स्याफ्रुबेंशी-रसुवागढी सडकको स्तरोन्नती मित्रराष्ट्र चीन सरकारको सहयोगमा शुरु भएकाले सो कार्यका लागि उक्त सडक बेला बखत अवरुद्ध हुँदा आगामी वर्षात शुरु हुनु अगावै पुर्नस्थापना/पुर्ननिर्माण अन्तर्गतका महत्वपूर्ण कार्यहरुका साथै थप सुरक्षणका कार्यहरु सम्पन्न गरी वर्षातको अवधिमा निर्वाध रुपमा पूर्ण क्षमतामा जलविद्युत केन्द्र संचालन गर्नु मुख्य चुनौति रहेको छ।

यस बाहेक, आयोजना निर्माण अवधिमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन, आयोजना निर्माण क्षेत्रको भौगर्भिक अवस्थितिका कारण बाढी पहिरोको सामना गर्नुपर्ने अवस्था तथा मौसमी प्रतिकूलताका कारण नदीको बहावमा आउन सक्ने उतार-चढावका कारण वार्षिक उत्पादन हुने विद्युत शक्तिको अनुमानमा परिवर्तन हुन सक्ने लगायतका थप समस्या र चुनौतिहरु समेत देखिएका छन्।

**६. संस्थागत सुशासनः**

कम्पनी ऐन २०६३, आयकर ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत यस कम्पनी तर्फ आकर्षित हुने ऐन तथा नियमहरुको पालना गरिएको छ। कम्पनीमा संस्थागत सुशासन कायम गर्न संचालक समितिबाट लेखापरीक्षण समिति, पदपूर्ति समिति र जोखिम व्यवस्थापन उप-समितिहरुको गठन गरी भए गरेका कार्यहरुको अनुगमन तथा नियन्त्रण गर्ने गरिएको छ। कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन तथा खरिद विनियामवली, कर्मचारी सेवा शर्त विनियमावली लगायतका अन्य नीतिहरु तथा कार्यविधिहरु निर्माण गरी संचालक समितिबाट स्वीकृत गराई लागु गरिएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म संस्थागत तथा व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सुसूचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।


**मिति २०८३/०१/३० गतेको अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित ।**